# प्रदेश राजपत्र

प्रदेश नं. १, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) विराटनगर, नेपाल, भाद्र ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क २०

## भाग २

### प्रदेश सरकार

### प्रदेश नं. १, विराटनगर, नेपाल

## यातायात व्यवस्था तथा सञ्चार मन्त्रालयको सूचना

## प्रदेश पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि, २०७९

<u>प्रस्तावना:</u> प्रदेश भित्र निष्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणात्मक पत्रकारिताको माध्यमवाट प्रादेशिक हित प्रवर्द्धन र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएका पत्रकार वा आमसञ्चार

आन्तरिक मामिला तथा ... ालय, प्रदेश नं. १

सम्वन्धी संस्थालाई पुरस्कार तथा सम्मान गर्ने कार्यलाई व्यवस्थित र पारदर्शी बनाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

प्रदेश सरकार (मन्त्रिपरिषद्) ले प्रदेश विनियोजन ऐन, २०७९ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"प्रदेश पत्रकारिता पुरस्कार तथा सम्मान कार्यविधि,२०७९"** रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकार (मन्त्रीपरिषद्) ले स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"छनौट समिति"** भन्नाले दफा ८ बमोजिम गठन भएको छनौट समिति सम्झनु पर्छ।

(ख) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ लाई सम्झनु पर्छ।

(ग) **"पुरस्कार तथा सम्मान"** भन्नाले पत्रकार वा आमसञ्चार सम्वन्धी संस्थालाई प्रदान गरिने पुरस्कार तथा सम्मान सम्झनु पर्छ।

(घ) **"पत्रकार"** भन्नाले यस कार्यविधिको प्रयोजनका लागि विद्युतीय तथा छापा माध्यमबाट देश विकासको क्षेत्रमा पत्रकारिता गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

(ङ) **"पत्रकारिता"** भन्नाले समाचार तथा विकासमूलक सामग्री प्रकाशन गर्ने छापा वा विद्युतीय माध्यमलाई सम्झनु पर्छ।

(च) **"मन्त्रालय"** भन्नाले सञ्चार हेर्ने प्रदेश सरकार अन्तर्गतको मन्त्रालयलाई सम्झनु पर्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं. १

(छ) **"सिफारिस समिति"** भन्नाले प्रदेश पत्रकारिता पुरस्कार तथा सम्मान वितरण गर्ने प्रयोजनका लागि दफा ५ बमोजिम गठन गरिएको सिफारिस समितिलाई सम्झनु पर्छ।

३. <u>पुरस्कार तथा सम्मान प्रदान गरिने:</u> (१) प्रदेश सरकारले प्रत्येक वर्ष चार जना पत्रकारलाईजनही एक लाख रुपैयाँ र कदर पत्र समेत प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको पत्रकारिता पुरस्कारको लागि सिफारिस गर्दा देहायका क्षेत्रलाई आधार लिनु पर्नेछः-

(क) छापा, पत्रपत्रिका (दैनिक, साप्ताहिक, पाक्षिक, मासिक),

(ख) रेडियो, एफ.एम.रेडियो,

(ग) केबुल टेलिभिजन,

(घ) अनलाईन सञ्चारमाध्यम।

४. <u>पुरस्कार तथा सम्मानको आधार:</u> (१) यस कार्यविधि बमोजिम पुरस्कार तथा सम्मान गर्न सिफारिस गर्दा देहाय बमोजिमको आधार लिएर गर्नु पर्नेछः-

(क) पत्रकारिताको माध्यमवाट देशको सार्वभौमसत्ता, प्रादेशिक हित, लोकतन्त्र र नागरिकलाई सुसूचित गराउन महत्वपूर्ण योगदान पुर्‍याएको,

(ख) विभिन्न जातजाति, भाषा, सम्प्रदाय, लिङ्ग भूगोल आदिका नागरिकहरुबीच एकता र सदभाव अभिवृद्धि गर्न प्रयास प्रयोग गरेको,



आन्तरिक मामिला तथा कानून मन्त्रालय, मुद्रण नं. ९

(ग) आमसञ्चारमा पत्रकारिता पेशालाई निश्पक्ष, उत्तरदायी, व्यावसायिक, खोजमूलक र विश्लेषणात्मक पत्रकारिताको माध्यमवाट प्रादेशिक हित र जनतालाई सुसूचित गराउन योगदान पुऱ्याएको,

(घ) प्रदेश पत्रकारिता पुरस्कार लागि पत्रकारले कम्तिमा दश वर्ष पत्रकारिताको क्षेत्रमा काम गरेको,

(ङ) नेपाली नागरिक र प्रदेशमा स्थायी बसोबास भएको,

(च) समितिले उपयुक्त ठानेका अन्य आधारहरु।

(२) नेपाल सरकार तथा प्रदेश सरकारबाट एक पटक पुरस्कार तथा सम्मान प्राप्त गरेकालाई पुनः सम्मान तथा पुरस्कृत गरिने छैन।

५. <u>सिफारिस समितिः</u> (१) प्रदेश पुरस्कार तथा सम्मान प्रदान गर्न नाम सिफारिस गर्ने प्रयोजनका लागि मन्त्रालयले देहाय बमोजिमको एक सिफारिस समिति गठन गर्नेछः-

(क) मन्त्रालयको सञ्चार हेर्ने महाशाखा प्रमुख - संयोजक

(ख) प्रदेश नेपाल पत्रकार महासंघका अध्यक्ष - सदस्य

(ग) प्रदेश पत्रकार महासंघका निवर्तमान अध्यक्ष - सदस्य

(घ) कानून अधिकृत, मन्त्रालय - सदस्य

(ङ) मन्त्रालयका सञ्चार शाखा हेर्ने अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम बैठक वस्दा संयोजक तथा सदस्यहरुले प्रचलित कानून बमोजिम वैठक भत्ता प्राप्त गर्नेछन्।

६. <u>सिफारिस समितिको काम, कर्तव्य र अधिकारः</u> (१) प्रदेश पत्रकारिता पुरस्कार तथा सम्मान सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) पुरस्कार तथा सम्मानका लागि सूचना प्रकाशन गर्ने,

(ख) आमसञ्चार माध्यम र पत्रकारको नाम, उनीहरुको योगदान सहितको विवरण संकलन गर्ने,

(ग) दफा ९ बमोजिम मूल्याङ्कन गर्ने तरीका र अङ्क विभाजनका आधारमा मूल्याङ्कन गर्ने,

(घ) मूल्याङ्कनका आधारमा प्राथमिकता क्रममा रहेका पत्रकारहरुको नामावली सिफारिस गर्ने,

(ङ) मन्त्रालयलाई नीतिगत सुझाव दिने।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र वैठकको कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ।पत्रकारिता



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

विषयका विज्ञ वा अन्य सरोकारवाला व्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सकिनेछ।

७. <u>सूचना प्रकाशन गर्ने र आवेदन गर्नु पर्नेः</u> (१) दफा ५ को उपदफा (१) बमोजिमको समितिले पुरस्कार तथा सम्मान गर्ने पत्रकारहरु छनौट गर्नलाई मन्त्रालयको वेवसाइटमा पन्ध्र दिने सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएपछि आफ्नो कृति वा गरेको योगदानको विवरण सहित मन्त्रालयमा अनुसूची -१ को ढाचाँमा निवेदन दिनु पर्नेछ।

८. <u>छनौट समितिः</u> (१) दफा ५ को उपदफा (१) बमोजिमको सिफारिस समितिले सिफारिस गरेका सम्मानित हुने पत्रकारहरुको अन्तिम नामावली छनौट गर्न देहाय बमोजिम एक छनौट समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको सचिव -सदस्य

(ग) प्रदेश सचिव, मन्त्रालय -सदस्य

(घ) प्रदेश पत्रकार महासंघका अध्यक्ष -सदस्य

(ङ) मन्त्रालयले तोकेको महाशाखा प्रमुख -सदस्य सचिव



आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रकाशन नं. १

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिने छ।

(३) उपदफा (१) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

९. <u>मूल्याङ्कन गर्ने तरीका र अङ्क विभाजन</u>: यस कार्यविधि बमोजिम सिफारिस समितिले पत्रकारिता पुरस्कारको लागि सिफारिस गर्दा अनुसूची -२ बमोजिमको आधार लिई मूल्याङ्कन गर्नुपर्नेछ।

१०. <u>सम्मानित हुने पत्रकारको अन्तिम नामावली</u>: (१) यस कार्यविधि बमोजिम सम्मानित तथा पुरस्कृत हुने श्रष्टाहरुको अन्तिम नामावली मन्त्रालयले प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्तिम नामावली प्रकाशन गर्दा सम्मानित तथा पुरस्कृत हुने मिति, समय र स्थान समेत खुलाउनु पर्नेछ।

११. <u>उजुरी गर्न सक्ने</u>: (१) दफा ९ बमोजिम प्रकाशन भएको अन्तिम नामावलीमा चित्त नबुझ्ने व्यक्तिले उक्त नामावली प्रकाशन भएको सात दिनभित्र मन्त्रालयमा उजुरी दिन सक्नेछ।

(२) उपनियम (१) बमोजिम उजुरी पर्न आएमा सात दिन भित्रमा मन्त्रालयले उजुरी उपर कारवाही गरिसक्नु पर्नेछ।

१२. <u>अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्ने</u>: मन्त्रालयले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

१३. <u>संशोधन र खारेजी:</u> प्रदेश सरकारले यो कार्यविधिलाई संशोधन तथा खारेज गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

अनुसूची -१

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

निवेदनको ढाँचा

१. पत्रकारको नाम थर-

२. जन्म मिति-

३. स्थायी ठेगाना-

प्रदेश जिल्ला ............ गा. प. /न. पा. ..............

४. सम्पर्क ठेगाना .................. फोन नं .......................

ई-मेल..........................

५. पत्रकारिताको क्षेत्र.......................................................

६. प्रकाशित भए कृतिहरुको नाम.........................................................................

७. योगदानः

| क्र. सं. | विवरण | योगदान | कैफियत |
|---|---|---|---|
| १. | सम्बन्धित क्षेत्रमा निरन्तरता समय | | |
| २. | सम्बन्धित क्षेत्रमा पुर्याएको योगदान | | |
| ३. | राष्ट्रिय पुरस्कार प्राप्त गरेको भए | | |
| ४. | शैक्षिक उपाधी | | |
| ५. | सम्बन्धित विधा बाहेक अन्य कुनै क्षेत्रहरु भए | | |

८. कुनै सम्मान / पुरस्कार प्राप्त भएको भए सोको विवरण-

९. नेपाली नागरिकता प्रमाणपत्रको छाँया प्रति-

१०. पत्रकार परिचय-पत्रको प्रतिलिपि-

११. विकासका विषयमा पत्रकारद्वारा प्रकाशित, प्रसारित सामग्री/श्रृङ्खलाको मुद्रित वा विद्युतीय प्रति-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ९

१२. सम्बन्धित पत्रकारको प्रेस काउन्सिलबाट पत्रकार आचारसंहिताको उलङ्घनमा कुनै कारवाही नपरेको स्वघोषणा।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

## अनुसूची -२

### (दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

### मूल्याङ्कन गर्ने तरीका र अङ्क विभाजन

| क्र.सं. | मूल्याङ्कनको आधार | पूर्णाङ्क | कैफियत |
|---|---|---|---|
| १. | पत्रकारको जागरण, श्रमको सम्मान र सकारात्मक सोच प्रवर्द्धनमा सहयोग पुऱ्याएको | १५ | |
| २. | विकासका सवालमा उपलब्ध अवसर र सम्भावना उजागर गरेको | १५ | |
| ३. | उद्यमशिलता विकासमा समाचार सम्प्रेशण गरी योगदान पुऱ्याएको | १० | |
| ४. | विकासका सवालमा खोजमूलक पत्रकारिता मार्फत योगदान पुऱ्याएको | १० | |
| ५. | पत्रकारिताको क्षेत्रमा निरन्तर कार्यरत रहेको | १० | |
| ६. | रोजगारी तथा स्वरोजगारीका सवालमा समाचार, लेख मार्फत योगदान पुऱ्याएको | १० | |
| ७. | पत्रकारिताको माध्यमबाट विशेष प्राथमिकताका समूहको विकासमा क्रियाशिल रहेको | १० | |

| | | | |
|---|---|---|---|
| ८. | दुर्गम क्षेत्रमा रहेर पत्रकारिताको माध्यमबाट विकासको क्षेत्रमा क्रियाशिल रहेको | १० | |
| ९. | सामाजिक विकृती, विसंगति, विभेद न्यूनीकरण तथा सामाजिक सदभाव र शान्ति निर्माणका सवालमा पत्रकारिताका माध्यमबाट उजागर गरेको | १० | |
| | **जम्मा** | १०० | |

<u>**नोटः**</u>

उल्लिखित सबै आधारहरुमा अङ्क प्रदान गर्दा समाचार वा लेख रचनाको पटक वा श्रृङ्खलालाई गणना गरी धेरै पटक स्तरीय समाचार वा लेख प्रकाशन गर्ने पत्रकारलाई बढी अङ्क प्रदान गर्नु पर्नेछ। उम्मेद्धवार वा मनोनयनकर्ताले उपलब्ध गराएको सम्पादित कार्यको विद्युतीय तथा मुद्रित प्रतिका आधारमा अङ्क प्रदान गर्ने पर्नेछ।

**क्र.सं. ४ मा** खोजमूलक पत्रकारिता भन्नाले विभिन्न क्षेत्र र भूगोलमा पत्रकारले गरेका उदाहरणीय कार्य एवम् सफलताका दृष्टान्तहरुको स्थलगत रिपोर्टिङ्ग, सबै तहका सरकारका नीति, कार्यक्रम तथा तिनको कार्यान्वयन र उपलब्धी तथा समस्या र समाधानका विषयमा खोजमूलक, अनुसन्धानात्मक एवम् विवेचनात्मक रुपमा प्रस्तुत सामग्रीहरुलाई बुझ्नुपर्दछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १

**क्र.सं. ५ मा** कार्यरत अवधि २० वर्षभन्दा बढीलाई १० अङ्क, १५-२० वर्ष लाई ८ अङ्क र १०-१५ वर्षभन्दा कमलाई ५ अङ्क दिने।

**क्र.सं. ८ मा** कम्तिमा एक वर्षदेखि निरन्तर रुपमा नेपाल वा प्रदेश सरकारबाट घोषित दुर्गम तथा पिछडिएको क्षेत्रमा कार्यरत पत्रकारलाई १० अङ्क, मोफसलमा कार्यरतलाई ६ अङ्क र काठमाडौं उपत्यकामा कार्यरतलाई ४ अङ्क दिने।

प्रकाशन मितिः- २०७९/०६/१२

आज्ञाले,
ईश्वर कुमार गिरी
प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १, विराटनगरमा मुद्रित।
**website:- moial.p1.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १